# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

चिठी तथा निवेदन मानवीय जीवनको आधारभूत व्यवहार नै भइसकेको छ । भाषाका दुई रुप हुन्छन्- कथ्य र लेख्य । यी दुवै रुपमा चिठीको प्रयोग हुँदै आइरहेको छ । विद्यालय तहं भनेको शिक्षाको आधारभूत जग हो । यस तहमा व्यावहारपयोगी शिक्षा जुन भविष्यका विभिन्न पक्षसँग सम्बन्धित हुन्छन्, त्यसलाई गम्भीर रुपमा लिने हो भने जीवनसँगै गाँसिएको चिठी तथा निवेदन लेखनलाई जगैदेखि बलियो बनाउँदै लाने सन्दर्भमा कक्षा आठका विद्यार्थीहरुमा पनि यस लेखनको पूर्ण ज्ञान गराउनेतर्फ सबैको ध्यान जानु जरुरी हुन्छ । चिठी तथा निवेदन लेखनमा लेखक स्वतन्त्र भएर आफ्ना मनका भावनाहरु प्रतिविम्बन गर्न रुचि राख्ने हुनाले यस सीपको विकास चिरस्थायी बन्न पुग्दछ । यसकारण पनि कक्षा आठका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन आवश्यक ठहरिएको हो । त्यसो त यस विधामा प्रशस्त अध्ययन अनुसन्धान भइसकेका छन् तापनि सिन्धुली जिल्लाका बाँकी विद्यालयका कक्षा आठमा अध्ययनरत् विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको यो अध्ययन समय सान्दभिक नै देखिएको र यसले स्नातकोत्तर तहको नेपा.शि.५९८ को प्रयोजनलााई पनि पूरा गर्ने भएकोले सोही पृष्ठभूमिमा रहेर यो अनुसन्धान गर्न लागिएको हो ।

## १.२ समस्याकथन

भाषा विचार विनिमयको साधन भएकाले विचार विनिमयको आदान-प्रदान भाषाबाट नै गरिन्छ । यस्तो आदान-प्रदानको प्रक्रियामा भाषिक सीपहरु संलग्न भएका हुन्छन् । लेख्य भाषामा गरिने अभिव्यक्ति लिखित अभिव्यक्ति हो । त्यसमध्ये पनि अभिव्यक्तिको प्रौढ र परिपक्व रुप लेखाइ सीप हो । लिखित अभिव्यक्तिको सबभन्द सानो एकाइ वाक्वय हो । त्यसैले लिदित अभिव्यक्ति गर्दा शुद्ध वाक्यको प्रयोग गर्नमा पनि ध्यान पुर्‍याउनु पर्दछ । लेखाइ सीपलाई अभिव्यक्तिको महत्वपूर्ण आधार मानिन्छ । यसअन्तर्गत विद्यालयमा विद्यार्थीहरुलाई विभिन्न प्रकारका चिठी तथाव निवेदन लेख्न लगाएर लेखाइ सीपको विकास गराउनु पनि प्रमुख उद्देश्य रहन्छ । टाढा

बसेका कुनै आफन्त वा परिचित व्यक्तिलाई सम्बोधन गरी हुलाकमार्फत् वा कुनै व्यक्तिमार्फत् पठाइने त्यस्ताृ लिखित अभिव्यक्ति नै चिठी हो । जसमा चिठी लेख्ने (प्रेषक) व्यक्तिले आफ्ना भलाकुसारी र हालखबर लृख्नुका साथै पत्र पाउने (प्रापक) व्यक्तिका भलाकुसारी र हालखबर के-कस्ता छन् ? भनी सोधिएको हुन्छ । त्यसैगरी कुनै कार्यालयले कुनै संघ/संस्था वा व्यक्तिलाई सम्बोधन गरी पठाउनृ लिखित पत्र, परिपत्र, सूचना आदि पनि चिठी नै हुन् । यद्दपि यस्ता चिठीहरु निवेदनका रुपमा चिनिन्छन् । कुनै व्यक्तिले कुनै संस्था वा विशिष्ट व्यक्तिका नाममा लेखेको निवेदन पत्रलाई पनि चिठी नै भनिन्छ । चिठीलाई पत्र पनि भनिन्छ । यस्ता चिठी वा पत्रका निम्ति खाम पनि चाहिन्छ । त्यस खामको बाहिर बायाँपट्टि चिठी पठाउने वा प्रेषकको र दायाँतर्फ चिठी पाउने वा प्रापकको पूरा नाम, ठेगाना, प्रष्ट रुपमा लृखिन्छ । चिठीमा प्रयोग गरिने  भाषाशैलीका आधारमा चिठीलाई सामान्य र साहित्यिक चिठीव गरी दुई प्रकारमा गरिए तापनि चिठी पठाउने-पाउनेका बीचमा रहने सम्बन्ध, कापपर्य र आवश्यकता आदिका आधारमा चिठीलाई सामान्यतया निम्नप्रकारले अध्ययन गर्ने परम्परा रहिआएको छ :

(क) घरायसी चिठी

(ख) कार्यालयीय चिठी

(ग) व्यावसायिक चिठी

चिठीलेखन पनि लेखाइ सीप विकासको महत्वपूर्ण आधार हो । बालबालिकाहरुलाई प्रारम्भिक कक्षाहरुमा विभिन्न प्रकारका चिठी लेख्न लगाएर लेखाइ सीपको विकार गराउने प्रयत्न गरिन्छ । शिक्षालयहरुमा विभिन्न तहका नेपाली विषयका पाठ्यक्रमहरुले चिठीलेखन शिक्षणसम्बन्धी पाठ्यवस्तु छनोट र स्तरण गरिएको तथ्यले यसको महत्व स्पष्ट हुन आउँछ ।  यसरी शैक्षणिक पाठ्यक्रमहरुले चिठी लवेखन तथा निवेदनलेखनसम्बन्धी पाठ्यवस्तुलाई महत्व दिइरहेको परिप्रक्ष्यमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुमा केन्द्रित रहेर अध्ययन-अनुसन्धान गर्ने उद्देश्यले प्रस्तुत शीर्षकसँग सम्बन्धित समस्याहरुलाई निम्नानुसार देखाइएको छ :

(क) कक्षा आाठमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता कस्तो छ ?

(ख) सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा चिठी तथा निवेदन लेखन क्षमताको स्थिति कस्तो छ ?

(ग) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको स्थिति के-कस्तो छ ?

(घ) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुमा चिठी तथा निवेदनलेखनसम्बन्धी के-कस्ता कमी-कमजोरीहरु रहेका छन् ?

(ङ) चिठी तथा निवेदन लेखन क्षमताका लागि के-कस्ता सुझावहरु हुन सक्छन् ?:

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यहरुमा केन्द्रित रहेको छ :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता पहिल्याउनु,

(ख) सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा रहेको चिठी तथा निवेदन लेखन क्षमताको स्थिति पहिल्याउनु,

(ग) भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको स्थिति पहिल्याउनु,

(घ) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुमा पाइने चिठी तथा निवेदन लेखनसम्बन्धी कमी-कमजोरी पत्ता लगाउनु,

(ङ) चिठी तथा निवेदन लेखनसम्बन्धी आवश्यक देखिएका सुझावहरु दिनु,

## १.४ अध्ययनको औचित्य र महत्व

हरेका शोधको आफ्नै महत्व तथा औचित्य रहेको हुन्छ । त्यसैले लैखाइ सीपको विकासका लागि प्रमुख क्रियाकलापको रुपमा रहेको चिठी तथा निवेदन लेखन प्रक्रियामा पनि आफ्नै महत्व र औचित्य रहेको छ । कुनैपनि समस्याजनित विषयवस्तुमा रहेर वा व्यक्तिले आफ्नो भलाकुसारी, हालखबर र कुनै संस्थालाई वा कार्यालयलाई सम्बोधन गरी आफ्ना अनुभव तथा ज्ञानलाई अभिव्यक्त गर्न चिठी तथा निवेदन लेखन कार्यकलापले सहयोग गर्दछ । चिठी तथा

निवेदन लेखन आफैँमा एउटा गहन लेखन सीप हो । टाढा बसेका कुनैँ आफन्त वा परिचित व्यक्तिलाई सम्बोधन गरी हुलाकमार्फत् पठाइने त्यस्तो लिखित अभिव्यक्तिव चिठी हो वा कुनै व्यक्ति वा संस्थाले कसैलाई (व्यक्ति वा संस्था ) लााई सम्बोधन गरेर भनी सोधी वा अनुरोध गरी लिखित रुपमा पठाएको पत्र वा कागज नै चिठी वा निवेदन हो । चिठीका लागि खााम अति आवश्यक वस्तु हो । खामको बाहिरी भागमा बायाँतर्फ चिठी पठाउनेको  र दायाँतर्फ पाउने वा प्रापकको नाम, ठेगाना प्रष्ट रुपमा लेखिज्छ ।

भाषाशैलीका आधारमा चिठी तथा निवेदनलाई दुईप्रकारमा बाँडिएको पाइन्छ । कसैलाई सम्बोधन गरी सामान्य किसिमको भाषाशैलीमा आपसी व्यवहारको वारेमा लेखेर पठाएको पत्र सामान्य पत्र हो । यस्तो चिठीलाई व्यावहारिक चिठी पनि भनिन्छ । त्यसैगरी कुनै साहित्यकारले चिठीका ढाँचामा कसैलाई सम्बोधन गरी कुनैँ विषयका वारेमा आफ्ना भावनालाई सुन्दर, रोचक र प्रभावशाली भाषाशैलीमा प्रकट गरेर लेखिएको लेखन वा पत्र साहित्यिक चिठी हो । सामान्य वा व्यावहारिक चिठी पठाउने र पाउनेबीचको सम्बन्ध, कार्य, आवश्यकता आदिका आधारमा तीन प्रकारका हुन्छन् ।

यिनै भाषिक अभिव्यक्तिहरुको शृङ्खलाबद्ध आकलन गर्नु प्रस्तुत अध्ययनको महत्वपूर्ण पक्ष हो । भाषाका चार प्रमुख सीपहरुमध्ये लेखाइ सीपले लिखित अभिव्यक्तिको विकास गर्ने हुनाले माध्यमिक तहका लागि समेत पृष्ठपोषण पुग्ने र आवश्यकताको पनि बोध गराउने हुँदा यस शोधको औचित्य र महत्व प्रष्टिन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

जुनसुकै अध्ययन अनुसन्धानको क्षेत्र, परिवे तथा सामग्रीआदिको सम्भाव्यता अनुसन्धानको क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाङ्कन नगरिएमा अध्ययन अनुसन्धानको गोरेटो विचलित हुन्छ । तसर्थ समग्र सिन्धुली जिल्लाका सम्पूर्ण विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुबाट सामग्री सङ्कलन गर्न गाऱ्हो, असम्भव र अव्यावहारिक पनि हुने भएको हुँदा निम्न विद्यालयहरु मात्र समावेश गरिएको छ ।

(क) श्री जनप्रेमी उच्च माध्यमिक विद्यालय, स्याङ्ती

(ख) श्री बेङ्कटेश्वर उच्च माध्यमिक विद्यालय, बाहुनतिल्पुङ

(ग) श्री भगवती अङ्ग्रेंजी आवासीय उच्च माध्यमिक विद्यालय, माडीबजार

(घ) श्री सिद्धबाबा अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालय, बुद्धनगर, सिन्धुली

प्रस्तुत शोधक्षेत्रभित्र परेका विद्यालयबाट कक्षा आठमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट २५-२५ जनाका दरले जम्मा १०० जना विद्यार्थीहरुलाई नमुनाका रुपमा लिई उनीहरुबाट प्राप्त लिखित चिठी तथा निवेदनको मूल्याङ्कनबाट प्राप्त अङ्कका आधारमा तुलनात्मक तथा विश्लेषणात्मक निष्कर्षमा मात्र यो अध्ययन सीमित रहने छ ।

## १.६ शोधपत्रको रुपरेखा

अध्याय एक शोधको परिचय

अध्याय दुई सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

अध्याय तिन अध्ययन विधि र प्रक्रिया

अध्याय चार  व्याख्या तथा विश्लेषण

अध्याय पाँच  निष्कर्ष, सुझाव तथा उपयोगिता

**सन्दर्भसूची**

**परिशिष्ट**

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

कुनैपनि अनुसन्धान गर्नुभन्दा अगाडि त्यस विषयसँग सम्बन्धित पूर्व खोज अनुसन्धान कार्यहरुको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको अध्ययन र अनुभवले वर्तमानमा गर्न लागिएको अनुसन्धानलाई गतिशील बनाउन मद्दत गर्दछ । वर्तमानलाई विगतको समयले दिशाबोध गर्ने भएको हुँदा आफूलवे गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाइ सही मार्गमा हिंडाउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा सम्बन्धित पूर्वअध्ययनहरुको विशमवेष महत्व रहन्छ । सबै अनुसन्धानहरु मेल खान्छन् भन्ने छैन । यद्दपि कुनैपनि अनुसन्धान पूर्ण वा अन्तिम भने हुँदैन । अनुसन्धान निरन्तर चलिरहने प्रक्रिया हो भनेर भनिदै आएको भनाइ स्वतः सिद्ध हुन्छ । प्रस्तुत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन सिन्धुलीका लागि पहिलो हो । चिठी तथा निवेदन लेखन लेखाइ सिपसँग सम्बन्धित शिक्षण हो । यसउसले पनि यो शोधकार्य आफैमा गहन छ । लेखाइसँग त्रुटिविश्लेषण, चिन्हप्रयोग जस्ता पक्ष पनि सन्दर्भित हुन आउँछन् । चिठी तथा  निवेदनलाई विद्यालय तहमा ध्यान दिइएन भने उच्च तहको लेखनमा हुनुपर्ने यससम्बन्धी गहन ज्ञान पनि कमजोर बन्न पुगदछ भने साना तिना व्यवहारमा पनि व्यवधान झेल्नुपर्छ । यसकारण पनि यो शाध शीर्षक उपयुक्त र सान्दर्भिक हुन आएको छ । यसै सिलसिलामा सम्बन्धित केही पूर्व कार्यहरुको सङ्क्षिप्त चर्चा वा समीक्षा गर्ने प्रयास भएको हो ।

हेमाङ्गराज अधिकारी (२०५०) द्वारा आफ्नो **नेपाली भाषा** शीर्षकको पुस्तकमा लेखाइका अतिरिक्त यसका कार्यकलापमा पुऱ्याउनुपर्ने  सचेतता, शुद्धाशुद्धी, अभ्यास तथा स्वतन्त्र, निर्देशित एवम् सिर्जनात्मक लेखनका वारेमा चर्चा गरिएको छ ।

रामचन्द्र लम्साल र अन्य (२०६३) द्वारा आफ्नो **नेपाली भाषा शिक्षण** शीर्षकको पुस्तकमा पनि लिखित अभिव्यक्ति शिक्षणका कार्यकलापहरुको वारेमा चर्चा गरिएको छ ।

हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्मा (२०६४) द्वारा आफ्नो **प्रारम्भिक नेपाली शिक्षण** शीर्षकको पुस्तकमा लेखाइ शिक्षणअन्तर्गत लेखाइ शिक्षणको आवश्यकता, विविध लेखाइ कार्यकलापहरु, स्वतन्त्र, निर्देशित तथा सिर्जनात्मक लेखाइको शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षकहरुमा चर्चा गरिएको छ ।

त्यसैगरी पाठ्यपुस्तकका अतिरिक्त स्नातकोत्तर तहका अनुसन्धानमा पनि यस विधामा अध्ययन अनुसन्धान भएको पाइए पनि त्यो सङ्ख्या अति न्यून देखिन्छ । प्राप्त हुन सकेका केही पूर्वाध्ययनलाई सङ्क्षेपमा चर्चा गरिएको छ ।

रणबहादुर दौल्याल (२०६४) द्वारा **कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्रमा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका विद्यार्थीहरुको लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

बुलबुला धिताल (२०६६) द्वारा गरिएको **चिठी तथा लिखित अभिव्यक्ति क्षमताको अध्ययन** शीर्षकको अध्ययनमा कक्षा सातका विद्यार्थीहरुको अनुच्छेद लेखनलाई विषयवस्तु बनाइएको र उक्त खोजमा नेपाली मातृभाषी विद्यार्थी भन्दा दोस्रो भाषी विद्यार्थीहरु लेखनमा पछि रहेको निष्कर्ष निकालिएको छ ।

यसरी विभिन्न पाठ्यपुस्तकका अतिरिक्त शोधपत्रहरुलाई सममेत हेर्दा लेखक तथा शोधार्थीहरुले नेपाली भाााष शिक्षणअन्तर्गत लेखाइ सिपको विकासका बारेमा सङ्केतात्मक र सूचनात्मक रुपमा अध्ययन अनुसन्धान गरेपनि चिठी लेखन तथा प्रस्तुत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन गरेको नपाइनाले पनि यस शीर्षकमा शोध अध्ययन गरी थप जानकारी खोजमूलक उपलब्धिलाई बाहिर ल्याउँदै शिक्षणमा सरलीकरण गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

पूर्वकार्यको समीक्षा सीमित सामग्रीमा सीमित नै छ । यद्दपि समस्याहरुलाई पूर्ण सम्बोधन गर्ने प्रयासका बावजुद केही कमीकमजोरीहरु रहेकै छन् । तिनले भविष्यमा हुने अनुसन्धानलाई आवश्यकताको पहिचान गर्न सहयोग गर्ने नै छ ।

## २.२ सैद्धान्तिक परिचय

### २.२.१ चिठी तथा निवेदनको सैद्धान्तिक परिचय

#### २.२.१.१ पृष्ठभूमि

भाषा मानवीय विचार विनिमयको प्रमुख साधन हो । मानव विकाससँगै भाषाको पनि क्रमिक रुपमा विकास भएको पाइन्छ । सुरुमा उच्चार्य र कथ्य भाषाका रुपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाज विकाससँगै भाषाको पनि विकास हुँदै आयो र क्रमशः सतरीयता प्रापत गर्न थाल्यो ।

जससँग बोलेर विचार विनिमय गर्न कठिन हुन्छ, त्यससँग लेखेर विचार विनिमय गर्न सकिन्छ । यसबाट लेखाइले बोलाइको अभिव्यक्तिगत सीमा वा परिधिबाट हुने कमीकमजोरीलाई हटाइदिन्छ भन्ने कुरा स्पष्ट हुन्छ । लेखाइमा अभिव्यक्तिकर्ताको अभिव्यक्ति देश र कालको सिमित घेराभित्र मात्र रहँदैन । आफूले गरेको अनुभव एवम् ज्ञानसँग समय र स्थानको सीमावद्धतामा रही अरुलाई भागीदार बनाउने माध्यम लेखाइ भएकाले विशेषतः शिक्षित वर्गमा बोलाइका साथै यसको महत्व अझ बढ्दै गएको छ । फेरि बोलाइ आफ्नो अनुभव एवम् विचारलाई अरु समक्ष पुऱ्याउने माध्यम हो भने लेखाइको कार्य त्यति मात्रमा सीमित छैन । आफूले अनुभव तथा ज्ञान गरेको कुरालाई सम्झनाका लागि सञ्चित एवम् सङ्गठित राखी भविष्यमा आफ्ना र अरुका लागि उपयोगी बनाउन पनि यसलाई प्रयोगमा ल्याउन सकिन्छ ( अधिकारी, २०६३:११०) । यसरी लेखाइ सीप विकास र यसको महत्वलाई पूर्ण रुप दिनका लागि उपयोग गरिने अन्य विधाहरुको जुन स्थान छ त्यही स्थान चिठी तथा निवेदन लेखनको रहेको छ ।

आज सञ्चारका साधनहरुले विश्वलाई नै साँघुऱ्याएको छ । टेलिफोन, ग्रामोफोन, मोबाइल, इमलेद आदि सञ्मचारका साधनहरुको प्रयोगले चिठी तथा निवेदनको महत्वलाई केही मात्रामा घटाएकै छ । तर वैयक्तिक सन्तुष्टिका लागि पत्र मित्रता, कार्यालयीय तथा संघसंस्थासँग गरिने बढ्दो काम कार्यवाहीले गर्दा चिठी तथा निवेदन लेखनको महत्व झन् बढ्दै गइरहेको यथार्थ घाम जत्तिकै छर्लङ्ग भएको छ । दिनप्रतिदिन खुल्दै गइरहेका संघसंस्थाहरुमा पनि चिठी तथा

निवेदनबाटै काम कार्यवाही हुने गर्छ । टेलिफोनबाट हुने काम त छिटो र ढिलो गर्नका लागि मात्र हो । यसरी वर्षायाममा उम्रने च्याउझैं आज विश्वमा द्रुततर रुपमा संघसंस्था स्थापना हुँदै गइरहेका छन् । जसबाट लिइने सेवा दिइने सेवा चिठी र निवेदनबाट मात्र सम्भव हुन्छ ।

प्राथमिक शिक्षाको अन्तमा हासिल हुने सिकाइ उपलब्धिअन्तर्गत भाषिक सीपमा लेखाइलाई चौथो स्थान दिइएको छ । यही लेखाइ सीपको महलभित्र नवौं सिकाइ उपलब्धिमा उल्लेख भएको स्वतन्त्र रुपमा छोटा रचनाहरु (अनुच्छेद, चिठी, निवेदन र प्रबन्ध) गर्न विद्यालय तहको प्रारम्भिक तहबाटै चिठी तथा निवेदन लेखन गर्न विद्यार्थीहरु सक्षम हुन सक्छन् । यसरी प्रारम्भिक तह पूरा गरी कक्षा छाड्ने विद्यार्थीहरुले यसपछि कम्तीमा पनि चिठी तथा निवेदन लेखन गर्न सक्षम हुने अपेक्षा राखेको पाइन्छ । त्यसैगरी निम्न माध्यमिक तहमा लेखाइ सीपअन्तर्गत स-साना रचनाहरु (अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेखून भनेर उद्देश्य राखिएको छ । माध्यमिक तहमा पनि चिठी र निवेदनलाई विधा क्षेत्रभित्र समावेश गरी १० अङ्क छुट्याइएको छ । यसले चिठी तथा निवेदन लेखनको महत्व नेपाली भाषाअन्तर्गत सधैं अपरिहार्य रहिरहने अध्येताको ठहर छ ।

चिठी र निवेदन पढ्न जान्नले लेख्न सक्छ भन्ने कुरा सत्य होइन । जसले धेरै लेख्ने अभ्यास गर्दछ त्यसले मात्र लेख्न सक्दछ । औपचारिकता, सङ्क्षिप्तता र स्पष्टता कार्यालयीय चिठी र निवेदनका गहना हुन् । यदि यी कुरालहरुलाई व्यक्तिले सदैव मनमा राखेर चिठी तथा निवेदन लेख्दैन भने उसले अभिव्यक्त गर्न खोजेको कुरा सजिलैसँग सम्बन्धित व्यक्ति वा संस्थालाई बुझाउन सक्दैन ।

### २.२.१.२ भाषिक सीप र चिठी तथा निवेदनलेखन

### २.२.१.२.१ भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र लेखाइ सीप

### २.२.१.२.१.१ भाषापाठ्यक्रम

भाषा मानवीय वस्तु हो । मानिसका मनमा लागेका विचार तथा भावना आदान प्रदान तथा सिर्जनात्मक प्रस्तुतीकरणको माध्यम भाषा हो । समुदायमा सम्पूर्ण ज्ञान तथा क्रियाकलापहरु

भाषकै माध्यमबाट चलिरहेकै हुन्छ ।  महरुमा भाषिक सीप विकासका निमित्त भाषापाठ्यक्रमको आवश्यकता पर्दछ । विद्यार्थीहरुमा भाषापाठ्यक्रम, भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको काम गरेको हुनछ । भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरु आर्जन गर्नका निमित्त गरिने सम्पूर्ण प्रयास भाषापाठ्यक्रमअन्तर्गत पर्दछन् । वास्तवमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । अन्य पाठ्यक्रम जस्तै भाषापाठ्यक्रमले पनि विद्यालयभित्र र बाहिर विद्यार्थीहरुले गर्ने सम्पूर्ण पठन तथा अभिव्यक्तिअन्तर्गत बोलाइ र लेखाइ सीपहरु पर्दछन् । कुनैपनि तह वा कक्षाका स्तरअनुकूल विकास गर्नका लागि निर्माण गरिने मार्गदर्शक कार्यक्रम भाषापाठ्यक्रम हो (शर्मा र पौडेल, २०६०:३३३) ।

### २.२.१.२.१.२ पाठ्यपुस्तक

जुनसुकै शिक्षा व्यवस्थामा पनि पाठ्यपुस्तकको आवश्यकता पर्दछ । हाम्रो जस्तो देशमा विद्यालयमा हुने सम्पूर्ण कार्यकलाप पाठ्यपुस्तकमै केन्द्रित हुन्छन् । पाठ्यपुस्तक शिक्षक-विद्यार्थी दुबैका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य प्राप्तिका लागि विद्यार्थी र शिक्षकलाई मार्गदर्शन गर्ने काम पाठ्यपुस्तकले गर्दछ । पाठ्यपुस्तक कति लोकप्रिय हुन्छ भने यसलाई 'मुद्रित शिक्षक' समेत भनिन्छ (अधिकारी र शर्मा, २०६१) ।

कुनैपनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरुप लेखिएका हुन्छन् । भाषापाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रमअनुरुप तयार गरिएको हुन्छ । त्यसेले यो भाषाशिक्षक सिकाइको महत्वपूर्ण र आधिकारिक सामग्री हो । भाषापाठ्यक्रम भाषाशिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक त्यसको व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य प्राप्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषापाठ्यपुस्तक विद्याथीहरुका मानसिक, संवेगाात्मक, बौद्धिक पक्षका साथै उनीहरुको रुचि, आवश्यकता तथा सिकाइ प्रवृत्तिसमेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी तयार गरिएको हुनछ । भाषापाठ्यपुस्तक मूलतः भाषाका चार सीपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइमा केन्द्रित हुन्छ । अन्य पाठ्यपुस्तकहरुमा भाषा साधन र विषवस्तु साध्य हुन्छ भने

भाषापाठ्यपुस्तकमा भाषा नै साधन र साध्य दुबै हुन्छ । यसको अर्थ भाषापाठ्यपुस्तकमा भाषा सिक्ने साधनका रुपमा मात्र विषयवस्तुलाई लिइन्छ ।

## २.२.१.२ १.३ लेखाइ सीप

भाषा पाठ्यपुस्तकको निर्माण भाषापाठ्यक्रमको निर्देशनमा गरिन्छ । भाषापाठ्यपुस्तकमा भाषालाई साधन र साध्य दुबै बनाइएको हुनछ । भाषाका चार सीपहरु सुनाइ ,बोलाइ पढाइ र लेखाइसँग भाषापाठ्यक्रम तथा भाषापाठ्यपुस्तक केन्द्रित रहन्छ । भाषाद्वारा व्यक्तिले एकअर्काको विचार तथा भावनाको साटासाट गर्दछ । यस्तो साटासाटमा यिनै चार सीपहरु समावेश हुन्छन् । यीमध्ये सुनाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् ।

आफ्ना मनमस्तिष्कभित्र रहेका भाव वा विचारहरुलाई लिपिचिह्नहरुको प्रयोगद्वारा सिलसिलामा मिलाई व्यक्त गर्ने प्रक्रियालाई लेखाइ भनिन्छ । लिपिचिह्न, लेख्ने योग्यता, हिज्जेको सही जानकारी तथा आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । विद्यार्थीहरुमा लेख्ने सीप विकास गराउने चित्रण वर्णन, अनुलेखन, श्रुतिलेखन, निबन्ध लेखनजस्ता लेखनकलासँग सम्बन्धित कार्यकलापहरु गराइन्छ । भाषिक संरचना तथा शब्दभण्डारको ज्ञानु हुन लेखाइ  सीप विकास गर्ने महत्वपूर्ण कुरा हो । भाषिक सीपहरु एक आपसमा सम्बन्धित हुन्छन् । यिनीरुहरुको आ-आफ्नो महत्व रहेको हुन्छ । मुख्यतया लेखनसीपमार्फत् आफूले आर्जन गरेको ज्ञान तथा अनुभवहरुलाई भविष्यका लागि सञ्चित गर्न सकिने हुँदा यस अर्थमा सुनाइ, बोलाइ, पढाइ सीपहरुभन्दा लेखाइ सीपको अझ महत्व छ भन्न सकिन्छ ।

# अध्याय तीन

## अध्ययन विधि र विश्लेषण प्रक्रिया

### ३.१ पृष्ठभूमि

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधिहरुको उपयोग गरिउको हुनछ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सबभन्दा महत्पूर्ण विषय हो । कुनै पनि अनुसन्धानमा अध्ययन गर्दा शुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरुलायृ पूर्वयोजनाको रुपमा व्यवस्थित गरिनु पर्दछ र मात्र अनुसन्धान कार्यमा कुनै किसिमको वाधा अड्चन आउँदैन् । अध्येताले प्रस्तुत अनुसन्धान अध्ययनका लागि अपनाइएका विधिहरुलाई यस अध्यायमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन सिन्धुली जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन भएको हुँदा लेखन क्षमता पहिल्याउने दृष्टिकोणले गर्न खोजिएको कुरा उद्देश्य खण्डबाट नै स्पष्ट भएको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरुलाई महत्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास उपयुक्त ठानिएका छ । कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन शीर्षक सोझै विद्यार्थीहरुसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरुलार्य केन्द्रविन्दु बनाइ नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । नमुना सर्वेक्षण विधि भन्ने वित्तिकै यसको कार्य क्षेत्रीय विधि तथा प्रयोगाात्मक विधिमा आधारित रहन्छ । प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन, संकलित तथ्याङ्कहरुको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिहरुको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारुप तयार पारिएको हो । अध्ययनमा अपनाइएका प्रक्रियाहरुको विस्तृत विवरण निम्नअनुसार छ :

## ३.२ जनसङ्ख्या पहिचान

कक्षा आठमाअध्ययनरत सम्पूर्ण विद्यार्थीहरुमध्ये प्रसतुत निश्चित विद्याथीृहरुलार्य प्रस्तुत अध्ययनका लागि जनसंख्याको रुपमा लिइएको छ । तर अध्ययनको प्रयोजन, समय, लगानी आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने भएकाले अध्ययनको सीमाङ्कन क्षेत्र सिन्धुली जिल्लाका सरकारी दुई र निजी दुई गरी जममा चार ओटा विद्यालयका १०० जना विद्यार्थीहरुलाई जनसङ्ख्याको रुपमा लिइएको छ ।

## ३.३ प्रतिनिधि नमुना

प्रतिनिधि नमुनाले जनसङ्ख्याको पूर्णत : प्रतिनिधित्व गरोस् जनसङ्ख्याका गुण वा विशेषताहरु त्यस्ता नमुनामा समावेश होउन् भन्ने अध्येताको दृष्टिकोण रहेको हुन्छ । हुन पनि कुनै अनुसन्धानमा त्यसको व्याखया र विशलेषणसम्म पुग्न सम्पूर्ण जनसङ्ख्याबाट नमुनाको प्रतिनिधित्व गराइएको हुन्छ । यहाँ पनि यसैलाई आधार बनाइएकाे छ । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गर्ने उद्देश्यले छनोट विधि अपनाइएको छ । नमुना छनोट गर्ने क्रममा सिन्धुली जिल्लाको कमलामाईन.पा. ६ र सदरमुकाम बाहिरका स्याङ्तीको श्री जनप्रेमी र बाहुनतिल्पुङ्को श्री बेङ्कटेश्वर उ.मा.वि. निजी दुई र सरकारी दुई गरी जम्मा ४ विद्यालयबाट फरक-फरक भाषिक पृष्ठभूमि भएका जम्मा १०० जना विद्यार्थीहरु छनोट गरियो । यसरी विद्यालयको छनोट गर्दा विभिन्न क्षेत्रबाट समग्र विद्यालयहरुको प्रतिनिधित्व भएको अपेक्षा अध्येताको रहेको छ ।

सरकारी तथा निजी विद्यालयको छनौटमा सरका तथा निजी विद्यालयहरु शहर र गाउँ क्षेत्रभित्र पर्ने गरी चयन गरिएको छ । यसरी अध्ययनमा समाविष्ट कुल १०० जना छत्र-छात्रा प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाको रुपमा कायम गरिएको छ ।

## ३.४ सामग्री निर्माण

अनुसन्धान अध्ययनको प्रकृतिअनुसार सामग्री निर्माण गर्न जरुरी छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरुको लेखन सीप परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने भएकोले सोहीअनुरुप सामग्रीहरु

निर्माण गर्न आवश्यक ठानियो । लेखनसीपसँग सम्बन्धित चिठी तथा निवेदन लेखन जस्ता विभिन्न विषयसँग सम्बन्धित भएर विद्यार्थीहरुबाट गराउनुपर्ने हुँदा समसामयिक र अति आवश्यकीय विषयहरुलार्य शीर्षकका रुपमा प्रस्ताव गरियो । प्रस्तावित शीर्षकहरुमाथि आवजश्यक छलफल पश्चात् प्रस्तुत अध्ययनका लागि शीर्षकको चयन गरिएको छ । तत्पश्चात् सम्बन्धित जनसङ्ख्यामा सोही शीर्षकमा विद्यार्थीहरुलाई चिठी तथा निवेदन लेखन प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने काम पूरा गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा सिन्धुली जिल्लाका प्रतिनिधि नमुनाका रुपमा छनोट गरिएको विद्यालयका विद्यार्थीहरुबाट निर्धारित समय र शीर्षकमा चिठी तथा निवेदन लेखन प्रेरित गरियो । प्रस्तुसत अध्ययन अनुसन्धानका लागि अध्येताले सम्बन्धित विद्यालयका प्रशासन र संस्थापकहरुसँग गरेको मौखिक अनुरोधका आधारमा समन्वय गर्दै तथ्याङ्क सङ्कलन कार्यलाई अगाडि बढाइयो । नमुना जनसङ्ख्याको रुपमा चयन गरिएका विद्यालयहरुलाईबाट अध्येताले अपेक्षाकृत सहयोग प्राप्त गरेपछि ती विद्यालयहरुबाट सङ्कलन गरिएका चिठी तथा निवेदन भएका उत्तरपुस्तिकालाई शोधनिर्देशकको सुझावका आधारमा प्रक्रियागत रुपमा जाँच गरियो । जाँच गर्न उत्तरपुस्तिका परीक्षण शोधनिर्देशनको सुझावको आधारमा शीर्षकसँग सम्बन्धित सामान्यढाँचा/विषयवस्तु, भाषिक शुद्धता/शैली एवम् शिल्प गरी दुई पक्षमा केन्द्रित रहेर वस्तुगत अङ्क निर्धारण गरिएको छ ।

तथ्य संकलनका लागि छनौट गरिएका प्रत्येक २५/२५ जना विद्यार्थीहरुलाई अलगगै कोठामा राखी विद्यालयका प्र.अ. को उपस्थितिमा आवश्यक सल्लाह दिइएको थियो । निर्धारित चिठी तथा निवेदनको शीर्षकमा प्रतिशीर्षक २० मिनेट समय सीमाभित्र चिठी तथा निवेदन तयार गर्ने निर्देश गर्दै विद्यार्थीहरुमा चिठी तथा निवेदन लेखन प्रेरित गरिएको थियो ।

## ३.६ व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत अध्ययनको शीर्षक लेखनकलासँग सम्बन्धित रहेको हुँदा यसमा तथ्याङ्क संकलनका क्रममा प्राप्त चिठी तथा निवेदन लेखिएका उत्तरपुस्तिकाहरुमा अंकित गरिएका प्राप्ताङ्कहरुलाई

संस्थागत भाषिक पृष्ठभूमि तथा लिङ्गगत समूहहरुमा वर्गीकरण गरी तालिकबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मधयम स्थान तथा निम्नस्थानमा पर्ने विद्यार्थीहरुको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्ग श्रेणी निर्धारण गरी चिठी तथा निवेदन लेखन क्षमताको स्थिति अवलोकन गरियो । प्रस्तुत अध्ययनका लागि उपयोगमा ल्याइएको सूत्र यस प्रकार रहेको छ । क) प्रतिशाङ्क (Percentile) गणना गर्न उपयोग आएको सुत्र, $P\frac{R}{r}x100$ यहाँ, P ले प्रतिशत, R ले तोकिएको श्रेणीमा प्राप्त अङ्क ल्याउन सफल विद्यार्थी संख्या र T ले कुल विद्यार्थी संख्यालाई बुझ्नु पर्ने हुन्छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

यस अध्ययनबाट कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अध्याय तीनमा प्रस्तुत गरिएको अध्ययन विधिअनुसार यहाँ शोधकर्ताद्वारा सिन्धुली जिल्लाका १०० जना विद्यार्थीहरुबाट आवश्यक तथ्याङ्कलाई सङ्कलन गरिएको छ ।

उक्त तथ्यलाई साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गर्ने प्रयास गरिएको छ  र व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रुप दिन प्रतिशतलाई गणनालाई मुख्य रुपमा अगाडि सारिएको छ । चिठी लेखन क्षमताको अध्ययन, लैङ्गिक आधारमा छात्र तथा छात्राहरु बीचको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन र नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीरुबीचको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएको प्रतिशताङ्क गणना विधिको स्वरुप निम्नानुसार उल्लेख गरिएको छ :

## ४.१ समग्र विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन

तालिका नं. १

| प्रतिशत भन्दा | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | | | १२ | १२ | ६६ | ६६ | २२ | २२ | | |

उपर्युक्त तालिकाअनुसार समग्र विद्यार्थीहरुको चिठी लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रुपमा छनोट गरिएका कुल सङ्ख्या १०० जनालाई उनीहरुको प्राप्ताङ्क प्रतिशतको आधारमा पाँच श्रेणीमा निर्धारण गरिएको छ । यस अनुसार ३५ प्रतिशत भन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या शून्य देखिन्छ । ३५ भन्दा माथि र ५० प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १२ जना र प्रतिशतमा पनि १२ प्रतिशत देखिन्छ । ५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्याथीृहरुको सङ्ख्या र प्रतिशतमा पनि ६६ नै देखिन्छ । ६५ देखि ८० प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २२ र प्रतिशतमा पनि २२ नै देखिन्छ । प्रस्तुत अध्ययनमा ८० प्रतिशत भन्दा बढी उच्चतम श्रेणीको रुपमा मापन गर्दा चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या शून्य नै देखिएको छ ।

## ४.२ सरकारी विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमता विवरण

तालिका न. २

| प्रतिशत भन्दा | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्य | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | | | १० | २० | २९ | ५८ | ११ | २२ | | |

उपर्युक्त तालिका अनुसार पाँच श्रेणी निर्धारण गरी चिठी लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न सरकारी विद्यालयका विद्यार्थीहरुबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ५० छात्र/छात्राहरुलाई चयन गरिएको छ । प्रस्तुत अध्ययनमा तल्लो श्रेणीमा निर्धारण गरिएको ३५ प्रतिशत भन्दा कम चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य देखिन्छ । ३५

प्रतिशतभन्दा माथि ५० प्रतिशतभन्दा तल प्राप्ताङ्क १० अर्थात २० प्रतिशत देखिन्छ। ५० भन्दा माथि ६५ प्रतिशतभन्दा तल चिठी लेखनक्षमता विद्यार्थीहरुको सङ्ख्या २९ जना अर्थात् ५८ प्रतिशत देखिन्छ ।

त्यसैगरी ६५ प्रतिशभन्दा माथि ८० प्रतिशतभन्दा मुनि चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ११ जना अर्थात २२ प्रतिशत देखिन्छ । प्रस्तुत अध्ययनमा उच्च श्रेणी मापन गणना शून्य देखिन्छ । तल्लो श्रेणीमा निर्धारण गरिएको विद्यार्थीहरुको सङ्ख्याभन्दा तेस्रो श्रेणीको प्रतिशत संख्या (विद्यार्थी सङ्ख्या) बढी देखिनुले विद्यार्थीहरुको चिठी लेखन क्षमता सन्तोषजनक मान्न सकिने आधार प्रष्ट देखिन्छ।

यसरी विद्यार्थीको चिठी लेखन क्षमता सन्तोषजनक देखिए पनि अझै समग्र विद्यार्थीहरुमो पूर्ण ज्ञान र सीपको आवश्यकता भएको देखिन्छ।

यसलाई सुधार गर्दै लान अध्यापन र भौतिक स्रोत साधनको विकास तथा विद्यार्थीको पारिवारिक आर्थिक उन्नति हुँदै जानुपर्ने आवश्यकता देखिन्छ।

## ४.३ निजी विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमता विवरण

तालिका नं. ३

| प्रतिशत भन्दा | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | | | २ | ४ | ३७ | ७४ | ११ | २२ | | |

निजी विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमताको उपर्युक्त तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी चिठी लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न निजी विद्यालयका विद्यार्थीहरुबाट

नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ५० विद्यार्थीहरुलाई चयन गरिएको छ । प्रस्तुत तालिकामा ३५ प्रतिशत अङ्क प्राप्ताङ्कलाई तल्लो तहमा निर्धारण गरिएको छ भने ८० अङ्कभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरुलाई माथिल्लो तहमा निधार्रण गरिएको छ । ३५ प्रतिशत अङ्कभन्दा कम चिठी लेख्ने क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य देखिन्छ । ३५ देखि माथि ५० प्रतिशतभन्दा मुनि चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या २ जना ४ प्रतिशत देखिन्छ । ५० भन्दा माथि ६५ प्रतिशत भन्दा मुनि चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३७ जना ७४ प्रतिशत देखिन्छ । ८० प्रतिशत भन्दा माथि चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य देखिन्छ । तसर्थ निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

यसरी निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको चिठी लेखन क्षमता सन्तोषजनक देखिनुमा विद्यालयका भौतिक अवस्था सक्षम हुनु, शैक्षिक वातावरण उपयुक्त हुनु, अभ्यासमा बढी जोड दिनु, अभिभावकको लगानीअनुसार सचेत रहनु जस्ता कारणहरु देखिन्छ ।

## ४.४. नेपाली मातृभाषी विद्यार्थीहरुको चिठी लेखन क्षमताको विवरण

तालिका नं. ४

| प्रतिशत भन्दा | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५२ | | | ८ | १५ | ३५ | ६७ | ९ | १८ | | |

यस तालिकामा नेपाली मातृभाषी ५२ जना विद्यार्थीहरुमध्ये ३५ प्रतिशत भन्दा कम चिठी लेखन क्षमता हुने समूह शून्य देखिन्छ । ३५ प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ८ जना अर्थात् १५ प्रतिशत देखिन्छ ।

५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३५ जना अर्थात् ६७ प्रतिशत र ६५ भन्दा माथि  ८० भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत देखिन्छ । अत्युत्तम श्रेणी निर्धारण गरिएको (८० प्रतिशत) भन्दा माथि चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य प्रतिशत मात्र रहेको हुँदा चिठी लेखनमा विद्यार्थीहरु सचेत हुन नसकेको देखिन्छ ।

## ४.५ नेपाली दोस्रो भाषी विद्यार्थीहरुको चिठी लेखन क्षमताको विवरण

तालिका नं ५

| प्रतिशत भन्दा | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४८ | | | ३ | ६ | ३४ | ७१ | ११ | २३ | | |

नेपाली दोस्रोभाषी विद्यार्थीहरुमध्येबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ४८ जना लिइएको छ । यस तालिकामा ३५ प्रतिशत भन्दा कम चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य देखिन्छ । ३५ प्रतिशत भन्दा माथि र ५० भन्दा कम चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३ जना (६ प्रतिशत) देखिएको छ । ५० भन्दा माथि र ६५ भन्दा मुनि चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३४ अर्थात् ७१ प्रतिशत रहेको छ । ६५ देखि माथि ८० भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ११ जना (२३ प्रतिशत) रहेको छ । त्यसैगरी यस अध्ययनमा विशिष्ट क्षमता मापन गरिएको ८० प्रतिशतभन्दा माथि चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य रहेको देखिन्छ ।

५० प्रतिशतभन्दा माथि चिठी लेखन क्षमता भएका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी तालिकाको अध्ययन गर्दा सन्तोषजनक नतिजा पाउन सकिन्छ । यहाँ ३५ प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या  प्रतिशत, ५० प्रतिभन्दा कम अङ्क ल्याउने विद्यार्थीरुको संख्या ७१ प्रतिशत देखिँदा विद्यार्थीहरुको चिठी लेखन क्षमता कमेजार नदेखिए पनि नेपाली दोस्रो भाषी विद्यार्थीहरुको चिठी लेखन क्षमतामा एकरुपता आउन सकेको देखिँदैन ।

## ४.६ छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमता विवरण

तालिका नं. ६

| कुल छात्रा सङ्ख्या निजी सरकारी | | प्रतिशताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ६५ | १. | ३५ भन्दा तल | सरकारी | – | – | – | – |
| | | | निजी | – | – | – | – |
| | २. | ३५ भन्दा माथि ५० भन्दा कम | सरकारी | ४ | ६ | ३३ | ५० |
| | | | निजी | १ | २ | १७ | २६ |
| | ३. | ५० भन्दा माथि ६५ भन्दा तल | सरकारी | ८ | १२ | ३३ | ५० |
| | | | निजी | १२ | १८ | १७ | २६ |
| | ४ | ६५ भन्दा माथि ८० भन्दा तल | सरकारी | ३ | ५ | ३३ | ५० |
| | | | निजी | ५ | ८ | १७ | २६ |
| | ५.. | ८० भन्दा माथि | सरकारी | | | | |
| | | | निजी | | | | |

प्रस्तुत तालिकाअनुसार छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमताको पहिचान गर्ने प्रतिनिधि जनसङ्ख्याका रुपमा १०० विद्यार्थीहरुमध्ये ६५ जना छात्राहरुको सङ्ख्या रहेको छ । जसमध्ये सरकारी विद्यालयबाट ३२ र निजी विद्यालयबाट ३३ छात्राहरुको प्रतिनिधित्व रहेको छ ।

यस अध्ययनमा क्षमता मापनको निर्धारण गरिएको ३५ प्रतिशत भन्दा कम क्षमता भएका निजी र सरकारी दुवै तर्फ (०) प्रतिशत देखिन्छ । ३५ प्रतिशतभन्दा माथि ५० भन्दा मुनि  सरकारी ४ र निजी १, ५० भन्दा माथि र ६५ भन्दा कम अङ्क ल्याउने सरकारी ८ र निजी १२ तथा ६५ भन्दा माथि र ८० भन्दा कम अङ्क ल्याउने सरकारी ३ तथा निजी ५ सङ्ख्या रहेको देखिन्छ । ८० भन्दा माथि अङ्क ल्याउन लेखन क्षमता बढाउन ध्यान दिनुपर्ने देखिन्छ ।

## ४.७ छात्र विद्यार्थीहरुको चिठी लेखन क्षमता विवरण

तालिका नं. ७

| कुल छात्र सङ्ख्या निजी सरकारी | प्रतिशाताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३५ | ३५ भन्दा तल | सरकारी | | | | |
| | | निजी | | | | |
| | ३५ भन्दा माथि ५० भन्दा तल | सरकारी | ४ | ११ | १७ | ४९ |
| | | निजी | १ | ३ | १८ | ५१ |
| | ५० भन्दा माथि ६५ भन्दा तल | सरकारी | १० | २९ | १७ | ४९ |
| | | निजी | १५ | ४३ | १८ | ५१ |
| | ६५भन्दा माथि ८० भन्दा तल | सरकारी | ३ | ९ | १७ | ४९ |
| | | निजी | २ | ६ | १८ | ५१ |
| | ८० भन्दा माथि | सरकारी | | | | |
| | | निजी | | | | |

छात्र विद्यार्थीहरुको चिठी लेखन क्षमताको प्रतिशत

उपर्युक्त तालिकामा ३५ जना छात्रहरु प्रतिनिधि नमुना सङ्ख्याका रुपमा रहेका छन् । उनीहरुको क्षमतालाई पाँच प्रतिशताङ्क श्रेणीमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । ३५ भन्दा कम प्रतिशताङ्क चिठी लेखन क्षमता भएका छात्रहरुको सङ्ख्या शून्य प्रतिशत रहेको छ । जसमा निजी तथा सरकारी दुवै विद्यालयका विद्यार्थीको सङ्ख्या शून्य देखिन्छ । ३५ प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने छात्रहरुमा सरकारी ४ र निजी १ तथा ५० भन्दा माथि ६५ भन्दा तल अङ्क ल्याउने सरकारीतर्फ १० र निजीतर्फ १५ र ६५ भन्दा माथि तथा ८० भन्दा तल अङ्क ल्याउने सरकारीतर्फ ३ र निजीतर्फ २ को सङ्ख्या रहेको छ । तालिकाले निजी विद्यालयका छात्रहरुको तुलनामा सरकारी विद्यालयका छात्रहरुको चिठी लेखन क्षमता सन्तोषप्रद देखिन्छ ।

## ४.८ सरकारी विद्यालयका विद्यार्थीहरुको निवेदन लेखन क्षमता विवरण

तालिका नं. ८

| प्रतिशत भन्दा | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | | | ९ | १८ | ३० | ६० | ११ | २२ | | |

सरकरी विद्यालयका विद्यार्थीहरुको निवेदन लेखन क्षमता (प्रतिशतमा)

प्रस्तुत तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी निवेदन लेखनको तालिका प्रतिशताङ्क क्षमता पहिचान गरिएको छ । नमुना विद्यार्थी जनङ्ख्याको रुपमा सरकारी विद्यालयका ५० जना विद्यार्थीहरुलाई छनौट गरिएको यस अध्ययनमा ३५ प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको शून्य प्रतिशत रहेको देखिन्छ ।

३५ भन्दा माथि र ५० भन्दा तल अङ्क ल्याउने विद्यार्थीहरुको संख्या ९ जना १८ प्रतिशत रहेको छ । ५० भन्दा माथि तथा ६५ प्रतिशत भन्दा तल निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको संख्या ३० जना अर्थात् ६० प्रतिशत छ । ६५ भन्दामाथि र ८० प्रतिशत भन्दा तल अङ्क ल्याउनेमा ११ जना अर्थात् २२ प्रतिशत रहेको छ । प्रस्तुत अध्ययनमा विशिष्ट श्रेणी मापन गरिएको ८० प्रतिशत भन्दा माथि निवेदन लेखन क्षमता विद्यार्थीहरुको सङ्ख्या शून्य रहेको देखिनुले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको क्षमतामा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## ४.९ निजी विद्यालयका विद्यार्थीहरुको निवेदन लेखन क्षमताको विवरण

तालिका नं. ९

| प्रतिशत भन्दा | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | | | २ | ४ | ३६ | ७२ | १२ | २४ | १२ | २४ |

उपर्युक्त तालिकानुसार पाँच श्रेणी निर्धारण गरी निवेदन लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न निजी विद्यालयका ५० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रुपमा चयन गरिएको छ । प्रस्तुत अध्ययनमा ३५ प्रतिशत भन्दा कम निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य देखिन्छ । ३५ भन्दा माथि र ५० प्रतिशतभन्दा तल निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २ र ४ प्रतिशत उल्लेख गरिएको छ । ५० भन्दा माथि ६५ प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३६ र ७२ प्रतिशत रहेको छ । त्यसैगरी ६५ भन्दा माथि र ८० भन्दा तल तथा ८० भन्दा माथि अङ्क ल्याउनेको सङ्ख्या १२, १२ र प्रतिशत पनि २४, २४ नै रहेको देखिन्छ । यसले सरकारी विद्यालयका विद्यार्थीहरुलाई निजी विद्यालयका तुलनामा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## ४.१० नेपाली मातृभाषी विद्यार्थीहरुको निवेदन लेखन क्षमताको विवरण

तालिका नं. १०

| प्रतिशत भन्दा | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५२ | | | ८ | १६ | ३५ | ६७ | ९ | १७ | | |

नेपाली मातृभाषी विद्यार्थीहरुको निवेदनलेखन क्षमता (प्रतिशतमा)

नेपाली मातृभाषी विद्यार्थीहरुबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ५२ जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रुपमा छनौट गरिएको छ । यहाँ ३५ प्रतिशतभन्दा कम निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको संख्या शून्य प्रतिशत र ३५ प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ८ र १६ प्रतिशत छ ।

५० प्रतिशभन्दा माथि ६५ भन्दा तल निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३५ र ६७ प्रतिशत रहेको छ । ६५ भन्दा माथि र ८० भन्दा तल निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ९ र १७ प्रतिशत रहेको देखिन्छ । यसै गरी ८० प्रतिशत भन्दा माथि निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य प्रतिशत देखिन्छ ।

५० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी प्रस्तुत तालिकाको अध्ययन गर्दा अत्यन्त सन्तोषजनक नतिजा पाउन सकिन्छ ।

## ४.११ नेपाली दोस्रो भाषी विद्यार्थीहरुको निवेदन लेखन क्षमताको विवरण

तालिका नं ११

| प्रतिशत भन्दा | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४८ | | | ३ | ६ | ३४ | ७१ | ११ | २३ | | |

नेपाली दोस्रोभाषी विद्यार्थीहरुमध्येबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ४८ जना लिइएको छ । यस तालिकामा ३५ प्रतिशत भन्दा कम निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य देखिन्छ । ३५ प्रतिशत भन्दा माथि र ५० भन्दा कम चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३ जना (६ प्रतिशत) देखिएको छ । ५० भन्दा माथि र ६५ भन्दा मुनि निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३४ अर्थात् ७१ प्रतिशत रहेको छ । ६५ देखि माथि ८० भन्दा तल निवेदन लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ११ जना (२३ प्रतिशत) रहेको छ । त्यसैगरी यस अध्ययनमा विशिष्ट क्षमता मापन गरिएको ८० प्रतिशतभन्दा माथि निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या शून्य रहेको देखिन्छ ।

उपर्युक्त तालिकानुसार दोस्रो भाषी विद्यार्थीहरुमध्ये ५० प्रतिशत भन्दा माथि र ६५ अङ्क भन्दा कम अङ्क ल्याउनेको सङ्ख्या ७१ प्रतिशत रहेपनि ८० प्रतिशत भन्दा माथि अङ्क ल्याउनेको सङ्ख्या शून्य रहेकोले लेखन क्षमतामा एकरुपता आउन सकेको छैन ।

## ४.१२ छात्रा विद्यार्थीहरुको निवेदन लेखन क्षमताको अध्ययन

**तालिका नं.१२**

| कुल छात्रा सङ्ख्या निजी सरकारी | प्रतिशाताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३२+३३ | ३५ भन्दा तल | सरकारी | | | | |
| | | निजी | | | | |
| | ३५ भन्दा माथि ५० भन्दा तल | सरकारी | ४ | ६ | ३२ | ५० |
| | | निजी | १ | १.५ | ३३ | ५१ |
| | ५०भन्दा माथि ६५ भन्दा तल | सरकारी | ८ | १२ | ३२ | ५० |
| | | निजी | १२ | १९ | ३३ | ५१ |
| | ६५ भन्दा माथि ८० भन्दा तल | सरकारी | ३ | ५ | ३२ | ५० |
| | | निजी | ५ | १५ | ३३ | ५१ |
| | ८० भन्दा माथि | - | | | | |

उपर्युक्त तालिकाअनुसार नमुनाका रुपमा रहेका समग्र विद्यार्थीहरुमध्येबाट छात्रा विद्यार्थीहरुको निवेदन लेखन पहिचान गर्न पाँच श्रेणी निर्धारण गरी सरकारी ३२ र निजी ३३ गरी ६५ जना छात्राहरुलाई चयन गरिएको छ ।

प्रस्तुत अध्ययनमा क्षमता मापन निर्धारण गरिएका प्रतिशताङ्क मापनका आधारहरुमध्ये ३५ प्रतिशत कम निवेदन लेखन क्षमता भएका छात्राहरुको सङ्ख्या शून्य रहेको छ । ३५ भन्दा माथि ५० भन्दा कम निवेदन लेखन क्षमता भएका छात्राहरुको सङ्ख्यामध्ये सरकारीतर्फ ४ र निजीतर्फ १ रहेको छ । ५० प्रतिशत भन्दा माथि ६५ प्रतिशतभन्दा तल निवेदन लेखन क्षमता भएका विद्यार्थीहरु मध्ये सरकारी विद्यालयका छात्राहरुको सङ्ख्या ८ र निजी विद्यालय *तर्फ*का छात्राहरुको सङ्ख्या १२ रहेको देखिन्छ । त्यस्तै ६५ प्रतिशत भन्दा माीथ र ८० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका छात्राहरुतर्फ सरकारीका ३ र निजीका ५ रहेका छन् । ८० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका छात्राहरुको सङ्ख्या शून्य रहेको छ । यसरी समग्र छात्रा समूहको निवेदन लेखनक्षमतालाई अध्ययन गर्दा सरकारी विद्यालयका छात्राहरुको निवेदन लेखनमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ४.१३ छात्र विद्यार्थीहरुको निवेदन लेखन क्षमता विवरण

तालिका नं. १३

| कुल छात्र सङ्ख्या निजी सरकारी | प्रतिशाताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३५ | ३५ भन्दा तल | सरकारी | | | | |
| | | निजी | | | | |
| | ३५ भन्दा माथि<br>५० भन्दा तल | सरकारी<br>निजी | ४<br>१ | ११<br>३ | १७<br>१८ | ४९<br>५१ |
| | ५० भन्दा माथि<br>६५ भन्दा तल | सरकारी<br>निजी | १०<br>१५ | २९<br>४३ | १७<br>१८ | ४९<br>५१ |
| | ६५भन्दा माथि<br>८० भन्दा तल | सरकारी<br>निजी | ३<br>२ | ९<br>६ | १७<br>१८ | ४९<br>५१ |
| | ८० भन्दा माथि | सरकारी<br>निजी | | | | |

छात्र विद्यार्थीहरुको निवेदन लेखन क्षमताको प्रतिशत

उपर्युक्त तालिकामा ३५ जना छात्रहरु प्रतिनिधि नमुना सङ्ख्याका रुपमा रहेका छन् । उनीहरुको क्षमतालाई पाँच प्रतिशताङ्क श्रेणीमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । ३५ भन्दा कम प्रतिशताङ्क चिठी लेखन क्षमता भएका छात्रहरुको सङ्ख्या शून्य प्रतिशत रहेको छ । जसमा निजी तथा सरकारी दुवै विद्यालयका विद्यार्थीको सङ्ख्या शून्य देखिन्छ । ३५ प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने छात्रहरुमा सरकारी ४ र निजी १ तथा ५० भन्दा माथि ६५ भन्दा तल अङ्क ल्याउने सरकारीतर्फ १० र निजीतर्फ १५ र ६५ भन्दा माथि तथा ८० भन्दा तल अङ्क ल्याउने सरकारीतर्फ ३ र निजीतर्फ २ को सङ्ख्या रहेको छ । तालिकाले निजी विद्यालयका छात्रहरुको तुलनामा सरकारी विद्यालयका छात्रहरुको चिठी लेखन क्षमता सन्तोषप्रद देखिन्छ ।

## ४.१४ सारांश

प्रस्तुत अध्ययनमा ५० जना सरकारी विद्यालयतर्फ र ५० जना निजी विद्यालय तर्फ गरी जम्मा १०० जना जना छात्रहरुको प्रतिशताङ्क स्थिति आधारमा निवेदन लेखन क्षमता सम्बन्धी विश्लेषण गरियो । पाँच श्रेणी निर्धारण गरिएकोमा बहुसङ्ख्य विद्यार्थीहरु ६५ प्रतिशतदेखि ८० प्रतिशत भन्दा माथिसम्म निवेदन लेखनक्षमता भएको पाइनछन् । यसरी ५० प्रतिशत विद्यार्थीहरुको प्राप्ताङ्क ६५ भन्दा माथि भएबाट कक्षा नौमा अध्ययन अध्यापन गराइने निवेदन लेखनका प्रक्रियागत ढाँचाहरुमा विद्यार्थीहरुमा विद्यार्थीहरु स्पष्ट भएको देखिन्छ । सामानय ढाँचा विषयवस्तु, भाषिक शुद्धता, शैली र शिल्प निवेदन लेखनका केन्द्रीय पक्ष हुन् । यसतर्फ विद्यार्थीहरुमा निवेदन लेखनको अभ्यास भइरहेको कारण उनीहरुमा सामानय ज्ञान भएको प्रस्तुत अध्ययनले देखाएको छ ।

प्रस्तुत अनुसन्धान अध्ययनमा निवेदन लेखनका उत्तरपुस्तिकाहरुमा अंकन गर्दा सामान्य ढाँचा विषयवस्तुको संयोजन, भाषीक शुद्धता र शैली शिल्पजस्ता आधारहरु अवलम्वन गरिएको छ । यिनै आधारहरुलाई प्रत्येकमा लागु गर्दा सरकारी विद्यालयका विद्यार्थीहरु भन्दा निजी विद्यालय समूहका विद्यार्थीहरुमा विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण र भाषिक शुद्धता उच्च रहेको

तथ्याङ्कले देखाएको छ । निजी विद्यालय भन्दा सरकारी विद्यालय समूहको छात्र छात्राहरुको नेपाली भाषा भाषामा लिखित अभिव्यक्ति क्षमता कमजोर हुनुको पछाडि सरकारी विद्यालयका व्यवस्थित शिक्षण अभ्यासको कमी, विद्यार्थीरुको अत्याधिक भार, अभिभावकहरुले छोराछोरीको पढाई प्रति ध्यान दिन नसक्नु जस्ता कारणहरुलाई कारक तत्वका रुपमा लिन सकिन्छ । त्यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरु भाषिक शुद्धता र विषयवस्तुको ज्ञानमा सक्षम देखिए पनि विषयवस्तुको ज्ञान सामान्य ढाँचा र शैली शिल्पको क्षमतामा सक्षम देखिए पनि भाषिक शुद्धतामा केही कमजोर देखिन्छन् । छात्र समूहका विद्याथीहरुमा भएका विषयगत ढाँचाको ज्ञान छात्रा समूहका विद्यार्थीहरुमा पनि समान रुपमा देखिन्छ । छात्रहरुको तुलनामा छात्राहरु पढाई एवम् पढाइ लखाइप्रति आंशिक रुपमा भए पनि संवेदनशील तथा गम्भीर हुन्छन् भन्ने कुरा अनुसन्धान अध्ययनले देखाएको छ ।

सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको निवेदन लेखन क्षमता निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको क्षमता भन्दा कमजोर देखिनु सरकरी विद्यालयका विद्यार्थीहरुको चाप अत्याधिक हुनु, भौतिक व्यवस्थापन कमजोर हुनु, आर्थिक स्रोत कमी हुनु, राजनैतिक प्रभाव पर्नु, विद्यार्थीका अभिभावकहरु सचेत नहुनु आदि कारणहरु जिम्मेवार छन् । यसर्थ विद्यार्थीहरुमा लिखित अभिव्यक्ति क्षमताको विकास गर्दै निवेदन लेखन क्षमताको विकास गर्नु निवेदन शिक्षणलाई अझै व्यवस्थित र उपयोगी बनाउँदै लैजानुपर्छ ।

## ४.१५ विभिन्न समूहहरुमा चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति

यस अध्ययनमा सिन्धुली जिल्लाको कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता पहिल्याउने उद्देशय राखिएको छ । यस अध्यायमा प्रस्तुत गरिएको व्याख्या विश्लेषणलाई आधार मानेर यहाँ शोधकर्ताद्वारा तुलनात्मक विश्लेषण गरिएको छ । तुलनात्मक विशेषण विभिन्न समूह, वर्गबाट लिइएको तथ्याङ्कका आधारमा सोही समूहहरु बीच चिठी तथा निवेदन लेखन क्षमतामा के कति अन्तर छ भन्ने तर्फ तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ यहाँ तुलनात्मक विश्लेषण गर्ने क्रममा चिठी र निवेदन लेखन दुवैको सरकारी र निजी

विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चिठी र निवेदन लेखन क्षमताको तुलना, नेपाली मातृभाषी तथा दोस्रोभाषी विद्यार्थीहरुको चिठी र निवेदन लेखन क्षमताको तुलनामा लैङ्गिक अधारमा छत्र र छात्रा विद्यार्थीहरुको चिठी र निवेदन लेखन क्षमताको तुलना गरिएको छ । यसैगरी अन्तमा समग्र विद्यार्थीहरुको चिठी र निवेदन लेखनक्षमता बीचको तुलना गरएको छ ।

### ४.१५.१ सरकारी र निजी दुवै किसिमका विद्यालयका विद्यार्थीहरुको चिठी र निवेदनलेखन क्षमताको तुलना

तालिका नं. १५

| कुल छात्रा सङ्ख्या निजी सरकारी | प्रतिशाताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| | ३५ भन्दा तल | सरकारी | | | | |
| | | निजी | | | | |
| | ३५ भन्दा माथि | सरकारी | १० | २० | ५० | |
| (२५+२५)=५० | ५० भन्दा तल | निजी | २ | ४ | ५० | |
| | ५० भन्दा माथि | सरकारी | २९ | ५८ | ५० | |
| | ६५ भन्दा तल | निजी | ३७ | ७४ | ५० | |
| | ६५ भन्दा माथि | सरकारी | ११ | २२ | ५० | |
| | ८० भन्दा तल | निजी | ११ | २२ | ५० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८० भन्दा माथि | सरकारी | | | | |
| | | निजी | | | | |
| | | अन्य | | | | |

उपर्युक्त तालिकाअनुसार सरकारी र निजी दुवै विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्न पाँच श्रेणी निर्धारण गरिएको छ । यहाँ ६५ प्रतिशत भन्दा तल र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्याथीृहरुको संख्यालाई सरकारी र निजी बीचमा तुलना गरिएको छ । जसअनुसारसरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु भन्दा निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको चिठी लेखनक्षमता धेरै सन्तोषजनक रहेको अध्ययनले प्रमाणित गरेको छ ।

### ४.१५.२ नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरुको चिठी तथा निवेदन लेखनक्षमताको तुलना

तालिका नं. १६

| कुल सङ्ख्या | प्रतिशताङ्क | प्रकृति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| | ३५ भन्दा माथि | - | | |
| | ३५ भन्दा माथि<br>५० भन्दा तल | सरकारी<br>निजी | ३<br>७ | |
| ५२+४८ | ५० भन्दा माथि<br>६५ भन्दा तल | सरकारी<br>निजी | ९<br>२५ | |
| | ६५ भन्दा माथि | सरकारी | ५ | |

| | | | | |
|---|---|---|---|---|
| | ८० भन्दा तल | निजी | ६ | |
| | ८० भन्दा माथि | - | | |
| | | | | |
| | | | | |
| | | | | |

नेपाली मातृभाषी र दोस्रोमातृभाषी विद्यार्थीहरुको चिठी तथा निवेदन दुबैको तुलनात्मक अध्ययन गर्दा चिठी लेखनमा मातृभाषी विद्यार्थीहरुको चिठी लेखन क्षमता त्यति विचलित र कमजोर देखिन्न । यसबाट नेपाली दोस्रो भाषी विद्यार्थीहरुभन्दा नेपाली मातृभाषी नेपाली भाषाको लेखाइ अभिव्यक्ति क्षमतामा सक्षम हुन्छन् भन्ने मान्यतालाई पुनः सोच्नुपर्ने बनाएको छ

निवेदन लेखनमा पनि मातृभाषीका तुलनामा  दोस्रोभाषी विद्यार्थीहरुको निवेदनलेखन क्षमता सोचनीय नै देखिन्छ ।

यसरी दुबै चिठी र निवेदन लेखनको बीच तुलनात्मक अध्ययन गर्दा मातृभाषी हुन् वा दोस्रो भाषी विद्यार्थीहरु हुन् उनीहरुको लेखन क्षमता चिठी लेखनभन्दा निवेदन लेखनमा उच्च पाइन्छ ।

### ४.१५.३ छात्र तथा छात्राहरुको चिठी तथा निवेदनलेखन क्षमताको तुलना

तालिका नं. १७

| कुल छात्रा सङ्ख्या निजी सरकारी | प्रतिशाताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| १०० (६५/६५) | ३५ भन्दा तल | सरकारी | | | | |
| | | निजी | | | | |
| | ३५ भन्दा माथि ५० भन्दा तल | सरकारी | ८ | | | |
| | | निजी | १ | | | |
| | ५० भन्दा माथि ६५ भन्दा तल | सरकारी | ३० | | | |
| | | निजी | ३२ | | | |
| | ६५ भन्दा माथि ८० भन्दा तल | सरकारी | | | | |
| | | निजी | | | | |

छात्र तथा छात्राहरुको चिठी तथा निवेदन लेखनक्षमता तुलनात्मक अध्ययन गर्दा छात्रहरुको चिठी तथा निवेदन लेखन स्थिर तथा केही उच्च रहेको पाइनछ । यसबाट छात्रभन्दा छात्रा समूहका विद्यार्थीहरु केही बढी विचलित भएको पाइन्छ ।

लेखनमा चिठीमा छात्र भन्दा छात्राको लेखन क्षमता राम्रो देखिन्छ भने निवेदन लेखनमा छात्राको भन्दा छात्रको लेखन क्षमता राम्रो देखिनाले विषयगत भिन्नताले पनि छात्र तथा छात्राको लेखन क्षमता भिन्नता ल्याउँदो रहेछ भन्ने नयाँ कुरा यस अध्ययनले प्रमाणित गरेको छ ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## ५.१ निष्कर्ष

प्रस्तुत अध्ययनमा ५० जना सरकारी विद्यालयतर्फ र ५० जना निजी विद्यालय तर्फ गरी जम्मा १०० जना जना छात्रहरुको प्रतिशताङ्क स्थिति आधारमा निवेदन लेखन क्षमता सम्बन्धी विश्लेषण गरियो । पाँच श्रेणी निर्धारण गरिएकोमा बहुसङ्ख्य विद्यार्थीहरु ६५ प्रतिशतदेखि ८० प्रतिशत भन्दा माथिसम्म निवेदन लेखनक्षमता भएको पाइन्छन् । यसरी ५० प्रतिशत विद्यार्थीहरुको प्राप्ताङ्क ६५ भन्दा माथि भएबाट कक्षा आठमा अध्ययन अध्यापन गराइने निवेदन लेखनका प्रक्रियागत ढाँचाहरुमा विद्यार्थीहरु स्पष्ट भएको देखिन्छ । सामान्य ढाँचा विषयवस्तु, भाषिक शुद्धता, शैली र शिल्प निवेदन लेखनका केन्द्रीय पक्ष हुन् । यसतर्फ विद्यार्थीहरुमा निवेदन लेखनको अभ्यास भइरहेको कारण उनीहरुमा सामान्य ज्ञान भएको प्रस्तुत अध्ययनले देखाएको छ ।

प्रस्तुत अनुसन्धान अध्ययनमा निवेदन लेखनका उत्तरपुस्तिकाहरुमा अङ्कन गर्दा सामान्य ढाँचा विषयवस्तुको संयोजन, भाषिक शुद्धता र शैली शिल्पजस्ता आधारहरु अवलम्वन गरिएको छ । यिनै आधारहरुलाई प्रत्येकमा लागु गर्दा सरकारी विद्यालयका विद्यार्थीहरु भन्दा निजी विद्यालय समूहका विद्यार्थीहरुमा विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण र भाषिक शुद्धता उच्च रहेको तथ्याङ्कले देखाएको छ । निजी विद्यालय भन्दा सरकारी विद्यालय समूहको छात्र छात्राहरुको नेपाली भाषामा लिखित अभिव्यक्ति क्षमता कमजोर हुनुको पछाडि सरकारी विद्यालयका व्यवस्थित शिक्षण अभ्यासको कमी, विद्यार्थीरुको अत्याधिक भार, अभिभावकहरुले छोराछोरीको पढाइप्रति ध्यान दिन नसक्नु जस्ता कारणहरुलाई कारक तत्वका रुपमा लिन सकिन्छ । त्यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरु भाषिक शुद्धता र विषयवस्तुको ज्ञानमा सक्षम देखिए पनि विषयवस्तुको ज्ञान सामान्य ढाँचा र शैली शिल्पको क्षमतामा सक्षम देखिए पनि भाषिक शुद्धतामा केही कमजोर देखिन्छन् । छात्र समूहका विद्यार्थीहरुमा भएका विषयगत ढाँचाको ज्ञान छात्रा समूहका विद्यार्थीहरुमा पनि समान्य रुपमा देखिन्छ । छात्रहरुको तुलनामा छात्राहरु पढाइ

एवम् लेखाइप्रति आंशिक रुपमा भए पनि संवेदनशील तथा गम्भीर हुन्छन् भन्ने कुरा अनुसन्धान अध्ययनले देखाएको छ ।

## ५.२ सुझाव

लेखाई सीप विकासका लागि चिठी तथा निवेदन लेखन कार्यकलाप महत्वपूर्ण भएको हुँदा कक्षा शिक्षणमा चिठी तथा निवेदन लेखनसम्बन्धी क्रियाकलापलाई अझ बढी प्राथमिकता दिइनुपर्छ,

.लेखन सीप अभिवृद्धिसम्बन्धी पर्याप्तता, उपयुक्तता र उपयोगिताको अध्ययन अनुसन्धान गरेर मात्र पाठ्यपुस्तक निर्माणका लागि पाठ्यपुस्तक छनोट गरिनु पर्दछ,

विद्यालय तहमा नेपाली भाषा पाठ्यक्रम निर्माणका लागि पाठ्यवस्तु छनोट गरिनु पर्दछ,

पाठ्यवस्तुको चयन गर्दा क्षेत्र, लिङ्ग स्थानीयता, भाषिक, पृष्ठभूमि, उमेर समूहजस्ता पक्षहरुलाई ध्यानमा राखी पाठ्यवस्तुको छनोट र स्तरण गर्ने प्रयास हुनुपर्छ,

माध्यमिक तहमा नेपाली भाषा विषयको प्रश्नपत्रमा चिठी र निवेदन दुबैको लेखनसम्बन्धी प्रश्नलाई अनिवार्य गरिनु पर्दछ,

निजी विद्यालयमा अङ्ग्रेजी भाषालाई झैं नेपाली भाषाको शिक्षणमा पनि यसरी नै प्राथमिकता दिने परिपाटीको विकास गर्नुपर्छ,

परम्परागत शिक्षा प्रणालीझैं सीमित विषय घोक्न लगाई घोकेकै विषयवस्तुमा सीमित गराउने शिक्षण पद्दतिलाई निजी विद्यालयहरुले बन्द गर्नुपर्छ,

सरकारी विद्यालयमा लेखन क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरुमा लेख्ने बानीको विकास गर्दै लैजानुपर्छ,

बेला-बेलामा लेखन सीप विकासको लागि विषय शिक्षकहरुले चिठी र निवेदन लेख्न लगाई कक्षागत परीक्षा गरिनु उपयुक्त हुन्छ,

चिठी लेखन क्रियाकलापलाई गृहकार्यको रुपमा मात्र नदिई कक्षा कार्यकलापमा पनि जोड दिनुपर्छ,

छात्राहरुको चिठी लेखनकला केही कमजोरी देखिएको हुँदा छात्राहरुलाई चिठी लेख्न प्रेरित गर्दै उनीहरुका कमजोरी पत्ता  लगाई निराकरणका लागि विषय शिक्षक र विद्यालयले संयुक्त रुपमा स्तर उन्नतिका लागि प्रयास गर्न सक्नुपर्छ,

आवश्यकतानुसार अरु पनि सान्दर्भिक पुस्तक थप गरी अध्ययन-अध्यापन गराउँदा विद्यार्थीहरुको चिठी तथा निवेदनलेखनको प्रभावकारिता बढाउन सकिन्छ,

चिठी लेखनमा विद्यार्थीहरुलाई भाषा शैली, शुद्धता र विषयवस्तुको अग्रिम जानकारी गराई चिठी लेखनको नियम सीमाको सम्बन्धमा विद्यार्थीहरुलाई अग्रिम जानकारी गराउनु सान्दर्भिक देखिएको छ ।

## ५.३ उपयोगिता

चिठी लेखन लेखनकलाको महत्वपूर्ण कार्यकलाप हो । लेखनकला लेखन सीपसँग सम्बन्धित छ । यसर्थ यसले चिठी लेखन क्षमतामा भाषिक सीपसँग सोझो सम्बन्ध राख्दछ । यसरी एक आपसमा अन्तरसम्बन्धित  भाषिक सिपलाईअलग्याएर शिक्षण गर्न सकिदैन । कुनै कुराको बोध सुनाइ र पढाइबाट हुन्छ भने अभिव्यक्ति बोलाइ र लेखाइबाट हुनछ । यसरी ज्ञानको अदान-प्रदान (सुनाइ र पढाइ ) आदानात्मक (बोलाइ र लेखाइ ) र प्रदानात्मक भाषिक सीपहरुबाट हुने हुनाले अध्ययनका लागि निम्नलिखित नीतिगत व्यवहार लागु गर्नुपर्ने देखिन्छ :

### ५.३.१ नीतिगत तह

१. यस अध्ययनले विद्यालय तहमा लेखन सीपसम्बन्धी भाषापाठ्यक्रम, परिस्कार तथा परिमार्जन गर्नुपर्ने,

२. भाषाका चारै सीपका उद्देश्य पुरा हुने गरी विद्यालयगत छनोट तथा विद्यागत क्षेत्र निर्धारण गर्नुपर्ने,

३. भाषिक सीपका दृष्टिले पाठ्यपुस्तकको कठिनाई स्तर र पठनियता परीक्षणलाई लागु गर्नुपर्ने,

४.चिठी तथा निवेदन लेखन सम्बन्धी तथा अन्य अध्ययन-अनुसन्धानको पूनरमूल्याङ्कन गरी वैद्यताको निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ५.३.२ प्रयोगगत तह

विद्यार्थीहरुको लेखन क्षमताको मूल्याङ्कन, भाषा शिक्षण विधिमा विविधता, विषय शिक्षकले नेपाली भाषा शिक्षकले भाषिक सचेतताको ख्याल गर्नुपर्ने,, विद्यालय तहमा चिठी तथा निवेदन लेखन शिक्षणको महत्वको बारेमा जोड दिनुपर्ने, विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता जस्तै भाषिक सीपसँग सम्बन्धित  अन्य कार्यकलापमा ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु

१. कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको निबन्धलेखन क्षमताको एक अध्ययन,

२. कक्षा ६ पास गरेका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,

४ कक्षा सातमा अध्ययनरत निजी र सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको तुलनात्मक अध्ययन ।

# सन्दर्भसामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०६३). **नेपाली भाषा शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

............................(दो.सं.२०५५), **समसामयिक नेपाली व्याकरण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

.............................(चौ.सं.२०५९), **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्दति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

..............................(२०५९), **सामाजिक र प्रायोगिक भाषा विज्ञान,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा ( चौ.सं.२०६१), **प्रारम्भिक नेपाली शिक्षण,** काठमाडौ विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पा. २०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (दो.सं. २०६२), **शैक्षिक अनुसन्धान पद्दति,** काठमाडौँ : स्टुडेन्ट्स बुक्स पब्लिसर्स

गौतम, रामप्रसाद (२०६१), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ज.व.रा. स्वयमप्रकाश र अन्य (२०५८), **शिक्षामा मापन तथा मूल्याङ्कन,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद (२०६३), **परिचयात्मक नेपाली भाषा शिक्षण**, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

.......................................(२०६३), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटसर्स ।

दाहाल, बल्लभमणि र अन्य (२०४३), **अनिवार्य नेपाली शिक्षण- निर्देशन**, काठमाडौं : पा.वि.के.त्रि.वि.

धिताल, बुलबुला (२०६६), **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन**, त्रि.वि. कीर्तिपुर

पोखरेल, बालकृष्ण र अन्य ( पाचौँ सं.२०६०), **बृहत् नेपाली शब्दकोश,** काठमाडौँ : ने.रा.प्र.प्र.

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौँ : रत्न पुस्तक भण्डार

लम्साल, रामचन्द्र र अन्य (२०६२), **नेपाली भाषा शिक्षण** , काठमाडाँ : विद्यार्थी पुस्तक भण्डार

शर्मा, केदारप्रसाद र माधव प्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

## पत्रिकाहरु

सम्प्रेषण पहिलो (२०६१) नेपाली भाषा शिक्षा विभाग,त्रि.वि.कीर्तिपुर

सम्प्रेषण दोस्रो (२०६२) नेपाली भाषा शिक्षा विभाग,त्रि.वि.कीर्तिपुर

सम्प्रेषण तेस्रो (२०६३) नेपाली भाषा शिक्षा विभाग,त्रि.वि.कीर्तिपुर

# परिशिष्ट

## १. श्री भगवती अङ्ग्रेजी आावासीय उच्च माध्यमिक विद्यालय सिन्धुलीमाडीमा कक्षा आठमा अध्ययनरत पचास जना विद्यार्थीहरुको नामवली

| सि.नं. | नाम | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | द्वारिका काफ्ले | १०० | ७५ |
| २ | पार्वतीमाया श्रेष्ठ | १०० | ७४ |
| ३ | विमला पुलामी | १०० | ६८ |
| ४ | हिरा गुर्मछान | १०० | ६२ |
| ५ | युवराज घिमिरे | १०० | ५९ |
| ६ | लक्ष्मी अधिकारी | १०० | ६१ |
| ७ | विरोधकुमार पुलामी | १०० | ६३ |
| ८ | मुना श्रेष्ठ | १०० | ५७ |
| ९ | शर्मिला बोगटी | १०० | ५२ |
| १० | अशोककुमार खुलाल | १०० | ५९ |
| ११ | छलकुमारी गुर्मछान | १०० | ५७ |
| १२ | नेत्रबहादुर खड्का | १०० | ४५ |
| १३ | पानकुमारी सिंदाली | १०० | ६३ |
| १४ | सिर्जना कार्की | १०० | ५४ |
| १५ | शारदाकुमारी सिंदाली | १०० | ५८ |
| १६ | प्रकाश बोगटी | १०० | ६० |
| १७ | प्रकाश खुलाल | १०० | ५७ |
| १८ | दिपक पुलामी | १०० | ५५ |
| १९ | निर्मला सिदाली | १०० | ६५ |
| २० | राजकुमार राना | १०० | ५३ |
| २१ | सिर्जना आले | १०० | ६२ |
| २२ | बादल मगर | १०० | ५८ |
| २३ | उर्मिला बोगटी | १०० | ६५ |
| २४ | गुणाकुमारी घिमिरे | १०० | ४७ |
| २५ | दानबहादुर गुर्मछान | १०० | ५१ |

## २. श्री सिद्धबाबा अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालय सिन्धुलीमाडीमा कक्षा आठमा आध्ययनरत पचास जना विद्यार्थीहरुको नामवली

| सि.नं. | नाम | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | विमला श्रेष्ठ | १०० | ७७ |
| २ | गोपाल अधिकारी | १०० | ७४ |
| ३ | पवित्रामाया थापा मगर | १०० | ५८ |
| ४ | सुनिता देवकोटा | १०० | ६३ |
| ५ | पोष्ट ब. थापा मगर | १०० | ६५ |
| ६ | गीताकुमारी थापा | १०० | ५६ |
| ७ | पवित्रामाया आले मगर | १०० | ५५ |
| ८ | विमला कुमारी आले | १०० | ५७ |
| ९ | कविता अधिकारी | १०० | ६१ |
| १० | देवीमाया सिदाली | १०० | ५९ |
| ११ | विष्णु कुमारी सिदाली | १०० | ६७ |
| १२ | पवित्राकुमारी भुजेल | १०० | ५६ |
| १३ | नीता अधिकारी | १०० | ६५ |
| १४ | दाली ब. खुलाल | १०० | ५९ |
| १५ | लेक ब.सिदाली | १०० | ५६ |
| १६ | खेमकुमारी आले | १०० | ६७ |
| १७ | भोज बहादुर राना | १०० | ५८ |
| १८ | गुणा गौतम | १०० | ५३ |
| १९ | विष्णुकुमारी बोगटी | १०० | ५५ |
| २० | कमला कुमारी बोगटी | १०० | ५७ |
| २१ | सृष्टी पुलामी | १०० | ५९ |
| २२ | गोमा कार्की | १०० | ६१ |
| २३ | हिराकुमारी अधिकारी | १०० | ५३ |
| २४ | तारादेवी सिदाली | १०० | ५४ |
| २५ | मन्दिरा बोगटी | १०० | ५५ |

## ३. श्री जनप्रेमी उच्च माध्यमिक विद्यालय स्याङ्ती ,लाम्पनटार-९ कक्षा आठमा अध्ययनरत पचास जना विद्यार्थीहरुको नामवली

| सि.नं. | नाम | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | सपना काफ्ले | १०० | ६५ |
| २ | गीता खपाङ्गी | १०० | ६७ |
| ३ | रोशन पहाडी | १०० | ५० |
| ४ | वासुदेव काफ्ले | १०० | ५० |
| ५ | सीता पहाडी | १०० | ५३ |
| ६ | गीतादेवी घिमिरे | १०० | ४५ |
| ७ | तुलसी अधिकारी | १०० | ५७ |
| ८ | दुर्गाकुमारी थापा | १०० | ५१ |
| ९ | प्रशान्त मिश्र | १०० | ४७ |
| १० | बुद्धि अधिकारी | १०० | ३८ |
| ११ | कमलबहादुर राउत | १०० | ४० |
| १२ | सञ्जिव खुलाल | १०० | ३९ |
| १३ | अस्मिता काफ्ले | १०० | ४६ |
| १४ | अस्मिता अधिकारी | १०० | ५२ |
| १५ | खगेन्द्र बोगटी | १०० | ४३ |
| १६ | पवित्रा सार्की | १०० | ४७ |
| १७ | उषा पुलामी | १०० | ३९ |
| १८ | रेणु थापा | १०० | ५३ |
| १९ | निर्मला थापा | १०० | ५१ |
| २० | सविना कार्की | १०० | ३५ |
| २१ | तारादेवी गौतम | १०० | ३७ |
| २२ | विक्रम बस्नेत | १०० | ४९ |
| २३ | अनिल खुलाल | १०० | ४४ |
| २४ | दुर्गा कुमारी थापा | १०० | ४५ |
| २५ | पवित्रा बोगटी | १०० | ४३ |

## ४. श्री बेङ्कटेश्वर उच्च माध्यमिक विद्यालय बाहुनतिल्पुङ कक्षा आठमा ाध्ययनरत पचास जना विद्यार्थीहरुको नामवली

| सि.नं. | नाम | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | सन्तोष पहाडी | १०० | ७५ |
| २ | मोहन क्यापछाकी | १०० | ७३ |
| ३ | मुना दुलाल | १०० | ७५ |
| ४ | सविना दुलाल | १०० | ६५ |
| ५ | लोक कुमारी सारु | १०० | ७० |
| ६ | हेमबहादुर आले | १०० | ६९ |
| ७ | सन्तोष गौतम | १०० | ५७ |
| ८ | गोविन्द रमौली | १०० | ६४ |
| ९ | निर्मला बस्नेत | १०० | ६१ |
| १० | अप्सरा अधिकारी | १०० | ५५ |
| ११ | रामचन्द्र घिमिरे | १०० | ६१ |
| १२ | तारा अधिकारी | १०० | ५६ |
| १३ | उज्ज्वल गौतम | १०० | ५१ |
| १४ | गीता क्याप्छाकी | १०० | ४५ |
| १५ | जुना श्रेष्ठ | १०० | ५७ |
| १६ | रीमा बोगटी | १०० | ५४ |
| १७ | विष्णुकुमारी लामिछाने | १०० | ६७ |
| १८ | अनिता पहाडी | १०० | ५३ |
| १९ | सरिता अधिकारी | १०० | ५७ |
| २० | सङ्गीता बोगटी | १०० | ५८ |
| २१ | सुमि रमौली | १०० | ५९ |
| २२ | अम्बिका गिरी | १०० | ६७ |
| २३ | सरस्वती गिरी | १०० | ६४ |
| २४ | मिना थापा | १०० | ५८ |
| २५ | हिरा गिरी | १०० | ५४ |